परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

•वर्ष २ •अंक २५ •२०८० वैशाख ४ गते सोमबार •(17 April-2023) •पृष्ठ ४ •मुल्य रु ३।- www.talknepaltv.com

## विद्यार्थी आन्दोलित



▪ टक नेपाल

वीरगञ्ज । वीरगञ्जस्थित ठाकुरराम बहुमुखी क्याम्पसकोपरीक्षा केन्द्र बारामा परेपछि विद्यार्थीहरु आन्दोलित भएका छन् । स्नातक तह प्रथम वर्षको परीक्षा केन्द्र बाराको कलैया र सिमरामा परेपछि विद्यार्थीहरु आन्दोलित भएका हुन् । विद्यार्थीहरुले क्याम्पसको परीक्षा शाखामा तालाबन्दी गर्नुको साथै क्याम्पस प्रशासनको विरोधमा नाराबाजी गरेका थिए । बीबीएस र बीएड प्रथम वर्षको परीक्षा केन्द्र बाराको कलैयास्थित रामराजा कलेज र सिमरा कलेजमा परेपछि प्रथम वर्षका विद्यार्थीले विरोध गरेको अखिल क्रान्तिकारी पर्साका अध्यक्ष मिरोज अहमदले जानकारी दिए । 'बारामा परीक्षा केन्द्र राखेर विद्यार्थीलाई सास्ती दिने काम भएको छ', उनले भने, 'केन्द्र पर्सामा नै हुनुपर्छ भन्ने विद्यार्थीको माग जायज छ, त्यसमा हामीले पनि साथ दिएका छौं ।' पर्साको जुनसुकै कले जमा परीक्षा केन्द्र राखेपनि स्वीकार गर्ने तर बारामा परीक्षा दिन नजाने अडान विद्यार्थीहरुले राखेका छन् । विद्यार्थीले प्रवेश पत्र पनि लिएका छैनन । उनीहरुले क्याम्पस प्रमुख लगायत क्याम्पसका कुनै पनि सम्बन्धीत व्यक्तिले चासो नदिएको भन्दै आपत्ति जनाएका छन् ।

### बर्दिबास नगरपालिका

## खानेपानीको अभाव संबन्धित निकाय मौन

▪ सुरेन्द्र सिंह

बर्दिबास । बर्दिबास नगरपालिकाका अधिकाँश वडामा रहेको इनारहरुमा पानी सुख्न थालेपछि स्थानीय बासिन्दाहरु समस्यामा परेका छन् । चैत-बैशाखको प्रचण्ड धूपले ईनारमा पानी सुकेपछि स्थानीय बासिन्दाहरु टाढा-टाढाबाट पानी ल्याउन बाध्य भएका छन् । बर्दिबास नगरपालिका वडा नं. ९ पशुपतिनगर र वडा नं. १३ बिजलपुरामा खाने पानी ट्र्यांकी निर्माण गरेपनि संचालन हुन् नसकेको स्थानीय स्थानीयले दुःख पोखे । पशुपतिनगरमा गत वर्षबाट मात्रै संचालनमा आएको खाने पानी ट्र्यांकी एक साल नबित्दै पानी आउन छाडेका छन् । स्थानीयवासीले पठक-पटक गुनासो गरेपनि वडा अध्यक्ष घुरन महतोले खासै चासो नदिएको बताए । यता विजलपुरामा धारा सुचारुको लागि सबै प्रक्रिया पुगेपनि जग्गा विवाद भएको हुनाली धारा संचालन हुन् नसकेको वडा नं. १३ का वडा अध्यक्ष लक्षमण सिंहले बताए ।



बर्दिबास नगरपालिकाका उप-मेयर तारा देवीले १-२ दिन भित्रै धारा संचालन हुने भनेर आस्वासन मात्रै दिदै आएको जनताले दुः ख पोखे । स्थानीयका अनुसार आफुहरुले आफ्नो गाउँ-ठाउँको विकाश गर्छ भनेर निर्धक्क भएर जिताए तर जिते पछि केहि काम नगरेको बताए । पशुपतिनगरमा हरेक चैत, बैशाख र जेठमा ईनारमा पानी सुख्ने क्रम जारी रह्दा पनि सम्नधित निकाएले केही चासो नदेखिएको स्थानीय बासिन्दाले आरोप लगाएका छन् ।

## औरहीको दिनेशराम जो भगवान् बनाउछन्

▪ विशाल बस्नेत



महोत्तरी । दिनेशराम महरालाई चिन्नेहरूले 'भगवान् बनाउने मान्छे' भनेर बोलाउँछन्। उनलाई अलिअलि अप्ठ्यारो पनि लाग्छ। 'मैले भगवान् बनाएको हो कि हामीलाई भगवान्ले बनाएका हुन् ? तर, मलाई भगवान् बनाउने मान्छे भन्न थालेका छन्,' उनी भन्छन् । ४० वर्षदेखि विभिन्न भगवान्का मूर्ति बनाउँदाबनाउँदै कहिले काहीँ त मान्छेले ठिकै भने जस्तो पनि लाग्छ रे दिनेशराममलाई । महोत्तरी, धनुषादेखि सप्तरीसम्मका मन्दिरमा दर्शन गर्न जाँदा आफैँले कुँदेका भगवान्का मूर्तिहरू देख्दा उनलाई ती भगवान्का मूर्ति आफूले बनाएकामा गर्वसँगै प्रश्न उब्जिरहन्छ। भन्छन्, 'मन्दिरमा पुग्दा सधैँ लाग्छ- आखिर भगवान् कसले बनायो ?' महोत्तरीस्थित गौशालाको कालीपुर मन्दिर होस् या औरहीको सोनामाई मन्दिर, त्यहाँ पुगेपछि दिनेश निकैबेर टोलाउँछन्। आफैँलाई पटक-पटक प्रश्न गर्छन्, 'भगवान्को मूर्ति त मैले बनाएँ। तर, भगवान् चाहिँ कसले बनायो होला ?' दिनेशलाई मन्दिर र आस्था सामान्य लाग्छ । औरही नगरपालिका-२ मा स्थायी बसोबास गर्ने उनको पुर्ख्यौली पेसा नै भगवान्को मूर्ति बनाउने हो । उनका हजुरबा र बुबा पनि सोही पेसामा थिए । दिनेशरामले मधेसका प्रसिद्ध मन्दिरहरूमा भगवती र देवीदेवताको मूर्ति बनाएका छन । यति मात्र होइन, उनले धार्मिक जात्राहरूमा कलाकृतिकै माध्यमबाट कुशल ढंगले ऐतिहासिक ग्रन्थहरूको वर्णनसमेत गर्छन्। उनले भगवान् अर्थात् धर्मलाई कर्तव्य, अनुशासन, पहिचान, अस्तित्व र जीवनको आधारका रूपमा बुझेका छन्। ४० वर्षमा उनले सयौँ मुखाकृति भएका भगवान्का मूर्तिहरू बनाएका छन् ।

बाँकी पृष्ठ ३



## ....सम्पादकीय

# सरकारी खर्चमा चरम बेथिति

हरेक राजनीतिक दलका नेताले आफ्नो एजेन्डामा आर्थिक कारोबारलाई पारदर्शी बनाउने विषयलाई प्राथमिकतामा राख्ने गरेका छन् । साथै सरकारी खर्चलाई पारदर्शी, मितव्ययिता र कानुनअनुरुप गर्ने प्रतिबद्धता सबै सरकारको हुने गर्छ। संघदेखि स्थानीय सरकारसम्मबाट आफ्नो खर्च कानुनले निर्दिष्ट गरेको अधिकारभन्दा बाहिर नभएको दाबी पनि प्रस्तुत हुन्छ तर व्यवहारमा भने त्यस्तो पाइँदैन। महालेखापरीक्षक कार्यालयले हरेक वर्ष प्रकाशित गर्ने वार्षिक प्रतिवेदनमा सार्वजनिक खर्च व्यवस्थापनमा ठूलो अनियमितता हुने गरेको, जवाफदेही नदेखिएको र मनपरि खर्च हुने गरेको विषयलाई औंल्याउँदै आएको हुन्छ । साथै प्रत्येक वर्ष बेरुजुको ग्राफ पनि बढ्दै गएको तथ्यांक प्रस्तुत हुने गरेको छ । महालेखापरीक्षक कार्यालयले हालै ६०औं वार्षिक प्रतिवेदन प्रकाशित गरेको छ। उक्त प्रतिवेदनअनुसार यस वर्ष बेरुजु १ खर्ब १९ अर्ब ७७ करोड रुपियाँ थप भएको उल्लेख छ। महालेखाले संघ, प्रदेश र स्थानीय तहका सरकारी कार्यालय, संगठित संस्था, समिति र अन्य संस्थाको ७१ खर्ब २८ अर्ब १७ करोडको लेखापरीक्षण गर्दा उक्त बेरुजु थप भएको हो। यसँगै कुल बेरुजु ५ खर्ब ८७ अर्ब ३३ करोड रुपियाँ पुगेको छ। अद्यावधिक कारबाही गरी टुंगो लगाउनुपर्ने रकम गतवर्षसम्म ८ खर्ब २९ अर्ब १५ करोड रहेकोमा यो वर्ष ९ खर्ब ५९ अर्ब ७९ करोड पुगेको छ । महालेखाका अनुसार लेखापरीक्षण तथा सम्परीक्षणबाट यो वर्ष २ अर्ब ६१ करोड रुपियाँमात्रै असुल भएको छ, जुन बेरुजुको आँकडाअनुसार अत्यन्तै न्यून हो । साथै गतवर्षसम्मको बेरुजु ४ खर्ब ८३ अर्ब ५९ करोड रुपियाँमध्ये १६ अर्ब ३ करोड रुपियाँमात्र फर्स्यौट भएको छ। यसबाट के स्पष्ट हुन्छ भने, कानुनले निर्दिष्ट गरेको अधिकारभन्दा बाहिर गएर सरकारी खर्च गर्ने प्रवृत्ति बढेको छ। सार्वजनिक वित्त व्यवस्थापनमा देखिएको कमजोरीका कारण देशको आर्थिक सुशासनमाथि प्रश्न उठेको छ। बजेट खर्च गर्ने क्षमतामा सुधार नगरी ठूलो आकारमा बजेट तर्जुमा गर्दा एकातिर तोकिएबमोजिम कार्यान्वयन हुन नसक्ने तथा बजेटको विश्वसनीयता घटेको छ भने अर्कोतर्फ बजेटले मुद्रा बजारमा दबाब बढाई मुद्रास्फीतिको जोखिमसमेत सिर्जना गरेको छ। तीन तहकै सरकारले अनुदान वितरण कार्यक्रम सञ्चालन गरी ठूलो रकम खर्च गरेका छन्। अनुदान वितरण गर्दा लाभग्राही छनोटमा पारदर्शिता नभएको, एकै प्रकारको अनुदान तीन तहकै सरकारबाट वितरण हुँदा दोहोरो परेको अवस्था पनि छ। महालेखापरीक्षकको कार्यालय स्थापना भएपछि ६० वटा प्रतिवेदनहरू प्रकाशित भएका छन्। जसमा अधिकांश विषय एउटै प्रकृतिका रहेको स्वयम् महालेखाका प्रतिवेदनमा समेत उल्लेख छ । यसको मतलब हाम्रो सार्वजनिक खर्चको प्रणालीमा सुधार भएको छैन ।

विज्ञापनको लागि सम्पर्क गर्नुहोस्
अनुराग कु. यादव
९८१४२३७४०८, ९८०७८२१०१४
९८६३२१०१४
टक नेपाल राष्ट्रिय दैनिक पत्रिका

# सामाजिक उद्यमशीलतामा नयाँ आयाम



▶ डिल्लीराम बाॅस्तोला

सामाजिक उद्यम के हो भन्ने सम्बन्धमा आजसम्म सर्वमान्य परिभाषा छैन विश्वव्यापीरुपमा अवधारणागत अस्पष्टता छ, वा आफ्नै तवरले परिभाषित गर्ने गरिएको पाइन्छ। देश, समाज र परिवेश अनुरुप यसलाई फरक फरक तबरको हेरेको पाइन्छ। तथापि मूलतः नाफा वितरणको आधारमा सामाजिक उद्यम र निजी व्यवसायबीचको फरक छुट्याउन सकिन्छ। सामाजिक उद्यमकोध्येय समाजको विकासमा योगदान गर्नु हो भने निजी व्यवसायको ध्येय आफ्ना शेयरवालाको नाफा वृद्धि गर्नु हो । अर्को शब्दमा भन्ने हो भने सामाजिक उद्यम भन्नाले स्वच्छ प्रतिस्पर्धामा आधारित व्यवसाय, वातावरणमैत्री व्यवसाय र समाजका सिमान्तकृत व्यक्तिलाई सहयोग गर्ने व्यवसाय भन्न सकिन्छ । सामाजिक उद्यम बजारको एक यस्तो अवधारणा हो, जसले व्यवसायवाट हुने नाफाभन्दा त्यसबाट समाजमा परेको प्रभावलाई बढी महत्व दिन्छ। आफूले आर्जन गरेको नाफा समाजका निश्चित वर्ग र समुदाय लाभान्वित हुने गरी खर्चगर्नु नै सामाजिक उद्यम हो। यसले समाजमा कस्तो प्रभाव सिर्जना गरेको छसोही आधारमा मूल्याङ्कन गर्न सकिन्छ नकि त्यसले आर्जन गरेको नाफाका आधारमा । सामाजिक उद्यमलाई यसका विशेषताको आधारमा पनि बुझ्न सकिन्छ। अरुलाई सहयोग गर्नु, सामाजिक मूल्य सिर्जना गर्नु, सकारात्मक सामाजिक प्रभाव, दिगोपन, मूल्य मान्यतामा आधारित, नवप्रवर्द्धनका विशेषता हुन् । यस्ता संस्थाले पनि आर्थिक आत्मनिर्भर भई दिगोरुपमा संस्था सञ्चालन गर्न सीमित नाफाको उद्देश्य राख्दछन् । तथापि त्यस्तो आर्जित नाफा अरुको हितमा खर्च गर्ने र खासगरी आर्थिक सामाजिक रुपमापछि परेका वा विशेष परिस्थिति परी आकस्मिक समस्यामा परेका व्यक्ति तथा समुदायको हिततर्फ लक्षित गरी खर्च गर्ने गरेको पाइन्छ । समाज विकासक्रमसँगै समाज सुधारका विविध प्रयास हुँदै आएको पाइन्छ । वैदिक धर्म, संस्कृति र परम्परा अध्ययन गर्दा प्राचीनकालदेखि नै 'परोपकार पुण्याय पापाय परपिडनम्' जस्ता मूल्य मान्यताले समाजलाई निर्देशित गरी आएको पाइन्छ । आधुनिककालमा खासगरी सन् २००४ पछि चीनमा सामाजिक उद्यमसम्बन्धी नवीन अवधारणा सतहमा आएको हो । त्यसपछि विश्वका अन्य देशमा पनि यसको अभ्यास तीव्र रुपमा हुन थाल्यो । विश्वका केही चर्चित सामाजिक उद्यममा अशोका, ग्रामीण विकास बैंक, व्युटीफूल स्टोर, मलाला फन्ड, सेभेन्थ जेनेरेशन, टोम्स सु, सेफ प्वाइन्ट ट्रष्ट, आइफार्मर, वर्क फर इम्प्याक्ट, इरा ९२, नेष्ट, सिट्टी आदिलाई लिन सकिन्छ। नेपालमा प्राचीन समयदेखि कुनै न कुनै प्रकारले सामाजिक व्यावसायिक संस्था सञ्चालनमा रहेको पाइन्छ । गुठी प्रणालीलाई यस्को उदाहरणको रुपमा लिन सकिन्छ । प्राचीनकाल, मल्लकाल र आधुनिककालमा समाज सुधारका क्षेत्रमा केही न केही कार्यहुँदै आएको पाइन्छ । समाज कल्याण ऐन २०३४ बमोजिम स्थापित समाज कल्याण परिषद्ले सामाजिक कल्याणसँग सम्बन्धित कार्यबाट देशको सर्वाङ्गीण विकासमा टेवा पुऱ्याउनका लागि सम्बन्धित मन्त्रालय तथा सामाजिक सङ्घ संस्थामार्फत समाज कल्याण कार्यक्रम सञ्चालन गर्ने उद्देश्य राखेको पाइन्छ । 'मन, बचन र कर्मले सेवा गरौं' भन्ने मूल मन्त्रका साथ स्थापित समाज कल्याण परिषदअन्तर्गत हालसम्म ५० हजार तीन सय ५८ स्थानीय गैरसरकारी संस्था र दुई सय ७० वटा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था दर्ता भई कार्य गरिरहेका छन् । यी संस्थामध्ये ९५ प्रतिशतभन्दा बढी दातामुखी रहेका छन् । हालैका दिनमा अन्तर्राष्ट्रिय समुदायले गैरसरकारी संस्थालाई गर्ने सहयोगको मात्रा घटाउदै लगेको परिवेशमा आत्मनिर्भर सामाजिक उद्यमको महत्व अझैं बढ्दै जाने देखिन्छ । सामाजिक उद्यमसम्बन्धी अवधारणा नेपालको सन्दर्भमा एक नवीन विषय हो । नेपालमा औपचारिकरुपमा भने यो अवधारणा सन् २००८ तिर सुरु भएको हो । हाल शिक्षा बालस्वास्थ्य, वातावरण संरक्षण, महिला, फरक क्षमता भएका व्यक्ति, सामाजिक समस्या, युवा, विद्यार्थी, बेरोजगारी, गरिबी न्यूनीकरण, कृषिजन्य उत्पादन, नवीनतम् प्रविधि, सीप विकास, हस्तकला, कृषिजस्ता क्षेत्रमा सामाजिक संस्था क्रियाशील रहेको पाइन्छ। नैतिक दृष्टान्त कवितामा कविशिरोमणि लेखनाथ पौड्याललले भन्नुभएको छ, "मिलेर काम गर्नाले हुन्छ अत्यन्त फायदा, एकता हेर कस्तो छ मौरीको महमा सदा" । यसै मान्यताअनुसार सामाजिक उद्यमका क्षेत्रमा सुखावती स्टोर, स्मार्ट पानी (पानीको दिगो व्यवस्थापन), बिरुवा भेन्चर (उद्यमशीलता प्रवर्द्धन परामर्श), बिहानी सोसियल भेन्चर (ज्येष्ठ नागरिक), एक्सन वर्क नेपाल (जोखिममा परेका तथा पिछडिएका समूह), एन्थ्रोपोज (मोतिविन्दु), छहारी सर्भिस (महिला सशक्तिकरण), डोको रिसाइकल (फोहर व्यवस्थापन) जस्ता संस्था क्रियाशील रहेका छन् । त्यसैगरी कम्युनिटी होमस्टे डप कम (पर्यटन प्रवर्द्धन), फ्रेन्डस ह्यान्डीक्राफ्टस (महिला सीप तालिम), हाम्री बहिनी (वातावरण), खालिसिसा (फोहर व्यवस्थापन), मितेरी रिसाइकल (वातावरण, महिला सशक्तीकरण), द लोकल प्रोजेक्ट नेपाल (हस्तकला), जावलाखेल ह्याण्डीक्राफ्ट सेन्टर (हस्तकला, गलैंचा उत्पादन), द भिलेज क्याफे पाटन (महिला सीप विकास, सशक्तीकरण), सिइङ ह्यान्डस क्लिनिक (दृष्टिविहिन सीप विकास), सारङ्गी भेजिटेरियन रेष्टुरेन्ट (गाइने जातिको परम्परागत सीप कला संरक्षण) लाईसमेत लिन सकिन्छ । यसका अलावा यस प्रकारका अन्य संस्थामा हाइयर ग्राउन्ड पाटन (महिला सशक्तीकरण, सीप विकास), द क्याफे विथ नो नेम (बालविकास, सडक बालबालिका), महागुठी क्राफ्ट विथ कनसाइन्स ( महिला तथा बालबालिका), ढुकुटी (आर्ट, क्राफ्ट), केटिएम हाट (हस्तकला सामान, चियालगायत नेपाली उत्पादन बिक्री), तिम्रो कन्सेप्ट (नेपाली ब्रान्डका थरीथरी डिजाइन तथा हस्तकला सामग्री उत्पादन बिक्री) जस्ता संस्थालाई लिन सकिन्छ । किड्स कलेजले समेत यस क्षेत्रमा अध्ययन अनुसन्धान कार्य गर्ने गरेको पाइन्छ । त्यसैगरी सम्वृद्धि, आइडिया स्टुडियो, अन्तरप्रेरणा, स्टार्टअपस नेपाल, वन टु वाच, नेक्स्ट, सामर्थ, डोल्मा इम्प्याक्ट फन्ड, रक्स स्टार्टलगायतका करिब ५० सामाजिक कम्पनी नेपालमा विभिन्न क्षेत्रमा क्रियाशील रहेको पाइन्छ । हाम्रो समाजमा पनि दैनिक लाखौं कमाइ हुने र सम्भ्रान्त जीवन जिउने व्यक्तिदेखि बिहान के खाउँ बेलुका के खाउँ अवस्था भएका तथा दिनभरि अर्काको काम गरी कमाएको थोरै पैसाले गर्जो टार्ने बाध्यता भएका व्यक्ति प्रशस्त छन् । आजसम्म भएका राजनीतिक परिवर्तनले यस्ता आर्थिक सामाजिक दृष्टिले पछाडि परेका र भूइँतहमा रहेका व्यक्तिको जीविकोपार्जनमा अनुभूतिजन्य कार्य भएको पाइँदैन । धनी र गरिबबीचको फासला बढ्दै गएको पाइन्छ । देश विकास, अविकास र परनिर्भरताको क्रममै रुमलिरहेको पाइन्छ । नेपालमा सामाजिक उद्यम वा कम्पनी कसलाई भन्ने यसका आधार के हुन भन्नेबारे स्पष्ट सरकारी नीति नै छैन । स्पष्ट कानुनी प्रबन्ध नै नभएको अवस्थामा सामाजिक उद्यम स्थापना तथा सञ्चालनमा समेत अनेक बाधा अडचन भेल्नुपर्ने अवस्था छ । तथापि, केही उत्साही उद्यमीले साँचो अर्थमा समाज सेवाको उद्देश्यले विभिन्न क्षेत्रमा सुरु गरेका नवीन तथा नवप्रवर्द्धनात्मक व्यवसायले सुखद भविष्यको सङ्केत गरेका छन् । यसको ज्वलन्त उदाहरणको रुपमा सुखावती स्टोरलाई लिन सकिन्छ। वैदेशिक रोजगारीको सिलसिलामा दक्षिण कोरिया रहँदा व्युटीफुल स्टोरमा कामको सिलसिलामा सिकेको ज्ञान, सीप र अनुभवबाट प्रभावित भई उत्साही युवा चिजमान गुरुङको अगुवाइमा परोपकारी भावनाका केही व्यक्ति मिलेर एक गैरनाफामूलक व्यावसायिक सामाजिक कम्पनीको रुपमा सुखावती स्टोर स्थापना भएको हो। यस संस्थाको मुख्य उद्देश्य भनेको मानव कल्याण, रोजगारी सिर्जना र खेर गइरहेको सामग्रीको यथासम्भव पुनः प्रयोग गर्ने संस्कृतिलाई बढावा दिँदै वातावरण संरक्षणमा योगदान दिनु हो । सुखावती स्टोरले शून्य फोहरको अवधारणा कार्यान्वयनमा ल्याएको छ । सुखावतीका काठमाडौं उपत्यकास्थित वनस्थली, नेपालटार वा भम्सीखेलस्थित स्टोरमा दैनिक दुई सुयको हाराहारीमा ग्राहक पुग्ने गरेका र त्यसबाट दैनिक सरदर रु बीस हजारसम्मको कारोबार हुने गरेको पाइन्छ । स्वच्छ, सुखी र सुन्दर संसार निर्माणको परिकल्पनालाई केन्द्रमा राखेर सुखावती स्टोरले गरिब न्यूनीकरण, वातावरण संरक्षण र रोजगारी सिर्जनाका निमित्त दिगोरुपमा सामाजिक उद्यम सञ्चालन गर्ने लक्ष्यलाई व्यवहारमा कार्यान्वयन गरेको छ । 'रिड्युस, रियुज र रिसाइकल' तथा पिपुल, प्लानेट र प्रोफिटको सैद्धान्तिक जगमा उभिएर यो संस्थाले एकातिर आर्थिक सामाजिक दृष्टिले पछि परेका वर्गलाई लक्षित गरी उनीहरुको आयआर्जन, रोजगारी, स्वास्थ्य, शिक्षा, जीविकोपार्जनमा यथासम्भव सहयोग गर्दै आएको छ भने अर्कोतिर शून्य फोहर अवधारणालाई व्यवहारमा कार्यान्वयन गरी वातावरण संरक्षणमा समेत टेवा पुऱ्याएको छ । व्यक्ति र परिवारभन्दा माथि उठेर वसुधैव कुटुम्बकम्को परहितकारी मानवतावादी मर्मलाई आत्मसाथ गर्दै 'सेवा हि परमो यतो धर्म ततो जयू' जस्ता सदियौंदेखि हाम्रो समाजमा विद्यमान नैतिक आध्यात्मिक र सामाजिक संहितालाई मूल मन्त्र मानेर मानव जीवन र जगतको सेवा र संरक्षण कार्यमा यस्ता केही सामाजिक संस्थाको भूमिका उदाहरणीय रहेको छ। यस्ता सामाजिक उद्यमले रोजगारी सिर्जना, गरिबी निवारण, महिला सशक्तीकरण, वातावरण संरक्षणलगायत राष्ट्रिय विकासका विविध क्षेत्रमा महत्वपूर्ण योगदान गर्न सक्ने कुरामा सन्देह छैन। यसका लागि सामाजिक उद्यमको स्थापना, सञ्चालन, विकास, विस्तार, नियमन तथा प्रोत्साहन सम्बन्धमा सरकारले ठोस नीति नै तय गरी अगाडि बढ्नुपर्ने देखिन्छ।

*(लेखक सामाजिक सेवाको क्षेत्रमा क्रियाशील हुनुहुन्छ)*

## आवश्यक टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय | ५५००५५ | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम | ५२०२११ |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाभिज) | ०४१-६२०४९१, ९८०४८१५१२६ |
| जलेश्वर अस्पताल | ५२००७० | | |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | कर्मयोगबाट विशेष फाइदा हुनेछ। | तुला | अस्वस्थताले काममा ढिलासुस्ती हुन सक्छ। |
| वृष | पुरुषार्थी काम प्रारम्भ हुनेछ। | वृश्चिक | बेसुरमा बोल्ने बानीले वादविवाद निम्त्याउन सक्छ। |
| मिथुन | परिबन्धले अप्ठ्यारो स्थिति निम्त्याउन सक्छ। | धनु | हिम्मतले काम बनाउन सकिनेछ। |
| कर्कट | चुनौतीपूर्ण कामको जिम्मेवारी वहन गर्नुपर्ने समय छ। | मकर | मिहिनेत परे पनि सोचेको नतिजा हातलागी नहुन सक्छ। |
| सिंह | सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ। | कुम्भ | पहिलेको सफलताले महत्वाकांक्षा बढाउनेछ। |
| कन्या | हिम्मतले काम लिँदा मनग्य लाभ हुनेछ। | मीन | आकस्मिक खर्चले अर्थ अभाव देखापर्न सक्छ। |

राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।

# औरहीको दिनेशराम........

धार्मिक चाडपर्व तथा उत्सवहरूमा दिनेशरामको नै खोजी हुन्छ । 'भगवान् बनाएर बेच्छु अनि जीविकोपार्जन भइरहेको छ,' उनी भन्छन्। हिन्दु धर्ममा शिवदेखि अनेकन देवीदेवता हुन्छन् भन्ने विश्वास गरिन्छ । यसैले पनि पुर्खादेखि आफ्नो पुस्तासम्म आइपुग्दा जीविकोपार्जनको गतिलो माध्यम मूर्ति बनाउने कलाकारिता बनेको दिनेशरामको बुझाइ छ । अझ मिथिलामा त राम-सीतालाई निकै ठुलो आस्थाको धरोहरका रूपमा मानिन्छ, जसलाई दिनेशरामले मूर्तिको माध्यमबाट कथामा उतार्ने गरेका छन्। मूर्तिकारितामा दिनेशरामको नाम मधेसमा विशिष्ट बनेको छ। 'जुनसुकै भगवान् बनाउन अर्डर गर्न आए तुरुन्तै बनाइदिइहाल्छु,' उनले हाँस्दै भने । दिनेशरामले धेरैजसो विश्वकर्मा बाबा, दुर्गा, काली, हनुमान, सीता, राम, जनक र विभिन्न भगवतीहरूको मूर्ति बनाएका छन् । आफूले बनाएका मूर्तिले मानिसको आस्था, आशा र मनोकांक्षा पूरा हुन्छ कि हुँदैन, त्यो त दिनेशरामलाई थाहा छैन, तर मानिसको श्रद्धा देख्दा भने निकै सन्तुष्टि प्राप्त हुने उनको अनुभव छ । माटोको मूर्तिमा परिकल्पना गरेर कुँदिएका अनेकौं भगवान्को स्वरूप बनाइरहँदा दिनेशरामको मनमा खड्किरहन्छ, मान्छेको मनोकांक्षा चाहिँ कुन भगवान्ले सुन्छन् होला ? आफैँले बनाएका मूर्तिहरूसमक्ष गएर जब हजारौं मानिस टाउको ठोकी-ठोकी समस्या सुनारहेका हुन्छन्, तब उनलाई लाग्छ- वास्तवमै रहस्य चाहिँ छ । उनी थप्छन्, 'कहिलेकाहीँ मूर्तिमा पूजा गरिरहेका मानिसलाई सोध्छु- तपाईंले के माग्नुभयो ? उनीहरूको जबाफ हुन्छ, अहिलेसम्म मागेको पाइरहेका छौं ।' कहिलेकाहीँ दिनेशराम परिकल्पना पनि गर्छन् कि यदि मानिसभित्र धर्म र आस्था भएन भने के हुन्छ होला। दिनेशरामलाई भौतिकवादीहरू अपराध कर्ममा उन्मुख भइरहेको लाग्छ। 'अध्यात्मवादीहरू कहिल्यै अपराध गर्दैनन् । किनकि उनीहरूलाई भगवान्प्रतिको डर हुन्छ,' उनले मूर्तिकारिताको अनुभवको सार सुनाए। अहिले औरही नगरपालिकामा विराट् मेला लागिरहेको छ । हरेक ५/५ वर्षमा लाग्ने यो मेलामा मूर्तिको माध्यमबाट नै राम र सीताको कथा प्रस्तुत गरिन्छ । र, यी मूर्ति पनि दिनेशरामले नै बनाइदिएका हुन् । यसबापत उनले १ लाख ५० हजार रूपैयाँ पारिश्रमिक लिएका छन् ।












## ManaraShiswa Municipality,
## Office Of Municipal Executive, Manara, Mahottari
## Madhesh Province

**Invitation for Re-Sealed Quotations**

**Date of publication: 2080/01 /04( April 17, 2023)**

1. **ManaraShiswa Municipality, Office Of Municipal Executive, Manara, Mahottari** invites Re-sealed quotation from Nepalese eligible bidders for the Procurement Of the construction Of Works as Mentioned Below in the table.

| S. N. | Contract ID | Description Of Project | Total Estimated Amount (Nrs)Exclusive of VAT & Contingencies | Bid document fee | Last Date & Time Of Bid document Purchase | Last Date & Time Of Bid Submission | Bid Opening Date & Time | Bid Validity Period | Bid Security | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | Amount | Validity |
| i | Mun/Manara /Works /SQ/6/2079/ 80 | वडा नं २ मा शंकर मन्दिर निर्माण कार्य | 1712230.65 | 1000 | 2080-01-19(May 2 ,2023) During Office Hours | 2080-01-20(May 3 ,2023) 12 Hours | 2080-01-20(May 3 ,2023) 13 hours | 45 days | 50000 | 75 days |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **ManaraShiswaMunicipality,Office Of Municipal Executive,Manara,Mahottari,**email-manarasishwamun.gov@gmail.com.

3. A complete set of Bidding Documents may be purchased from the **ManaraShiswa**Municipality,Office Of Municipal Executive, Manara, Mahottari by eligible bidders on the submission of a written application along with the copy of company/firm registration certificate.

4. Sealed Quotation must be submitted to the**ManaraShiswaMunicipality,Office Of Municipal Executive, Manara, Mahottari** by hand (Hardcopy Submission)on or before as mentioned in the table above. Bids received after this deadline will be rejected.

5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at Date And time as mentioned in the table above at the office of **ManaraShiswa Municipality,Office Of Municipal Executive,Manara,Mahottari.**Bids must be valid for days mentioned in the table above after bid opening and must be accompanied by bid security through approved bank guaranteeor approved cash deposit voucher of bid security amount mentioned in the table above ,which shall be valid for 30 days beyond the validity period of the bid.

6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

7 . If any provisions of this document are inconsistent with Public Procurement Act 2063 and publicprocurement Regulations 2064, the provision of this document shall be void to the extent of such inconsistency and the provision of PPA, PPR& their latest amendment prevail.

**Information to Deposit Cost Of Bidding Document & Bid Security Amount**

| Cash Deposit Of | Name Of The Bank | Account Name | Account No | |
|---|---|---|---|---|
| Bidding Document Fee | Laxmi Bank Ltd , Manara Branch, Mahottari | AANTARIK RAJASHWO KHATA GA-1.1 | 08403000047 | Amount: As Mentioned in the Table Above |
| Bid Security Amount | Laxmi Bank Ltd , Manara Branch, Mahottari | STHANIYA TAHA DHARAUTI KHATA GA-3 | 08403000193 | |

**Chief Adminstrative Officer**




# मिटरब्याज पीडितसँग वार्ताको प्रतीक्षा गर्दै सरकारी वार्ता टोली

**टक नेपाल**

गृह मन्त्रालयले बनाएको सहसचिव प्रदीपकुमार कोइराला संयोजकत्वको सरकारी वार्ता टोली मिटरब्याज पीडितहरूको दोस्रो समूहसँग वार्ताको प्रतीक्षामा रहेको छ। तीन दिनअघि वार्ता भङ्गको घोषणा गर्दै गृहमन्त्रालयबाट निस्किएका मिटरब्याज पीडितहरू त्यसपछि वार्ताका लागि भनेर मन्त्रालय आएका छैनन् । सरकारी वार्ता टोलीका संयोजक कोइरालाले उनीहरू आए जुनसुकै बेलामा पनि वार्ताका लागि तयारी अवस्थामा रहेको बताउनुभयो । विभिन्न २४ जिल्लाबाट आएका पीडितहरूले राखेका छ बुँदे मागका विषयलाई सरकारी वार्ता टोलीले सम्बोधन नगरेपछि एकतर्फी रूपमा वार्ता भङ्गको घोषणा गर्दै पीडितहरू गृह मन्त्रालयबाट




बाहिरिएका थिए। मिटरब्याजी पीडित सङ्घर्ष समितिका प्रवक्ता निर्ग नवीनले जुन दिन बसे पनि एउटै कुरा दोहोरिरहेकाले सरकारी टोलीसँग वार्ता बस्नुको औचित्य नभएर तीन दिनअघि वार्ता भङ्ग गर्दै निस्किएको र अहिले शान्तिवाटिकामा आन्दोलन जारी राखेको बताउनुभयो । उहाँले भोलि सोमबारदेखि भने बालुवाटार, संसद् भवन र सिंहदरबार केन्द्रित दबाबमूलक कार्यक्रमहरू गर्ने बताउनुभएको छ । मिटर ब्याज पीडितहरूसँग गृहमन्त्रालयले चैत २६ गते देखि वार्ता थालेको थियो । विभिन्न चरणमा वार्ता भए पनि कानूनी विषयमा गएर अड्किएको थियो। उनीहरूले मिटरब्याजीका नाममा भएको सबै लिखत अवैध घोषण गर्नुपर्ने, आफूहरू विरुद्धको मुद्दा स्थगित र फैसला भएको मुद्दाको पुनरावलोकन हुनुपर्ने, पक्राउ पुर्जी खारेज, कारागार गएकाको रिहाइ, बैंकिङ कसुरका मुद्दा खारेज तथा मिटरब्याजीहरूको सम्पत्ति छानबिनलगायतको माग राखेका छन् । त्यस मागका विषयमा कानूनी कुराहरू जोडिएका र कतिपय अदालती प्रक्रियामा रहेका विषय भएकाले त्यसमा केही गर्न नसक्ने सरकारी वार्ता टोलीले जनाएको छ । यसअघि मिटरब्याज पीडितसँग भएको सम्झौता अनुसार आयोग गठन भएर काम गरिरहेकाले त्यसको प्रतिवेदनका आधारमा अघि बढ्ने कुरा जानकारी गराए पनि पीडितहरूले नमानेकाले वार्ता अघि बढ्न नसकेको संयोजक कोइराला बताउनुहुन्छ । यस विषयमा समस्या समाधानका लागि उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले पनि पीडितहरूसँग पटकपटक भेट गरेर छलफल गर्नुभएको थियो ।

# भारतबाट बढेर आयो पेट्रोलिय पदार्थको मूल्य



**टक नेपाल**

काठमाडौँ। भारतबाट पेट्रोलियम पदार्थको मूल्य बढेर आएको छ। भारतीय आयल कर्पोरेसन (आईओसी) ले पठाएको नयाँ मूल्य सूचीमा पेट्रोल र डिजेल दुवैको मूल्य वृद्धि भएको नेपाल आयल निगमले जनाएको छ । नयाँ मूल्य सूची अनुसार पट्रोलमा करिब साढे ६ रुपैयाँ र डिजेलको मूल्य प्रतिलिटर १ रुपैयाँले बढेर आएको नियमका प्रवक्ता मनोजकुमार ठाकुरले जानकारी दिए । पेट्रोलियम पदार्थको मूल्य बढेर आएसँगै निगमको १५ दिनको नाफा घटेर करिब ६० करोड प्रक्षेपण रहेको उनले बताए । यसअघि २० चैतमा मूल्य घटाउँदा पनि १५ दिनको प्रक्षेपित नाफा ८० करोड रहेकोमा मूल्य बढेसँगै प्रक्षेपित नाफा घटेको हो ।


## बालबालिकालाई भिटामिन ए र जुकाको औषधी खुवाउने सूचना



तस्विर सौजन्यः युनिसेफ नेपाल

यही २०८० वैशाख ६ र ७ गते,
६ देखि ५९ महिना उमेरसम्मका बालबालिकालाई भिटामिन 'ए' क्याप्सुल तथा १२ देखि ५९ महिना उमेरसम्मका बालबालिकालाई जुकाको औषधी खुवाईदैछ ।

आफ्ना बालबालिकालाई नजिकैको महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका मार्फत भिटामिन 'ए' र जुकाको औषधी खुवाऔं ।

बर्दिबास नगरपालिका
बर्दिबास, महोत्तरी


# प्रचण्डको मन्त्रीमण्डलमा पुनः थपिए दुई मन्त्री



**टक नेपाल**

काठमाडौँ । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले मन्त्रिपरिषद् विस्तार गरेका छन्। आइतबार परराष्ट्रमन्त्रीमा नायणप्रकाश साउद र भौतिक पूर्वाधार तथा यातायात राज्यमन्त्रीमा नन्दा चपाईंलाई नियुक्त गरिएको हो। उनीहरुले आइतबार नै पद तथा गोपनियताको शपथ लिएका छन् । प्रधानमन्त्रीको आसन्न भारत भ्रमणलाई मध्यनजर गर्दै परराष्ट्रमन्त्री नियुक्त गरिएको बताइएको छ । प्रधानमन्त्री प्रचण्डले वैशाखको तेस्रो साता भारत भ्रमण गर्ने कार्यक्रम छ।


## आर.जे.ट्रेड लिङ्क प्रा.लि.

बर्दिबास नगरपालिका-१, महोत्तरी
**पूर्व बस काउण्टरको पूर्व शिव मन्दिरको दक्षिणपट्टी**

मिति २०७९ चैत १५ गतेदेखि चैत २५ गतेसम्म फ्रि सबै किसिमको अटोहरुको सर्भिस क्याम्प सञ्चालन हुने भएको हुँदा सम्पूर्ण अटो व्यवसायीहरुलाई सुविधा लिई मौकाको फाईदा उठाउन हुन हार्दिक अनुरोध गर्दछौं।

- अटोको ईन्जिन वारेन्टीको साथ बनाईन्छ।
- अटो सर्भिसमा सर्भिस चार्ज फ्रि हुनेछ।
- सबै किसिमको अटोहरुको पार्ट्स पाउनुको साथै वारेन्टीको साथ मर्मत पनि गरिन्छ।
- अटो वासिङ्ग सुपत मुल्यमा गरिन्छ।
- वाइरिङ्ग सम्बन्धी सम्पूर्ण काम गरिन्छ।
- सर्भिस क्याम्पमा सहभागी अटो व्यवसायीहरुलाई चिनो स्वरुप आकर्षक गिफ्टको साथै खाजाको पनि व्यवास्था गरिएको छ।

**एक पटक सेवा गर्ने अवसर अवश्य दिनुहोला ।**

9815802784, 9849089020
कार्यालय शोरुम नम्बर :
+9779822053224



"समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौं।"

**LIVER FUNCTION TEST** — Rs. 2800/-
- Bilubine Total/Direst
- SGOT
- SGPT
- ALP
- Total Protine
- Albumine
- Globline
- AG-Ratio
- GGT

**WHOLE BODY CHECKUP** — Rs. 6000/-
- CBC
- RBC
- LFT/RFT
- TSH
- URINE R/E
- LIPID PROFILE
- USG/ECG/X-RAY

**CARDIAC PROFILE** — Rs. 5000/-
- CPK
- CK MB
- SGOT
- TROPONIN
- LDH
- TOTAL CHOLESTEROL
- TRIGCYCERIDE

**DIABETS PACKAGE** — Rs. 4800/-
- URIN R/E
- RFT
- LIPID PROFILE
- CBC
- Glucose/F/PP
- MICRO AIBUMIN
- HBAIC

"गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता"

## शुभ स्वस्तिक हस्पिटल प्रा.लि.

बर्दिबास-१४, औरहीरोड सम्पर्क : ०४४-५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्स : ९८१२०८५६०४


बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, ललन मण्डल, सम्पादक : रंजुकुमारी साह, सल्लाहकार सम्पादक : ईश्वरी काफ्ले, प्रबन्धक : बिनोद ढुंगेल, साजसज्जा : बिबेक कुमार महतो
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बदिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com